

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्नै छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कर्न्सन

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २९० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० कार्तिक २१ गते मंगलबार ❑ 7 Nov. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## पोखरामा प्लाष्टिकका फूल गुच्छा र माला बिक्री तिरणमा रोक

**पोखरापत्र संवाददाता**

पोखरा, २० कार्तिक

पोखरा महानगरपालिकाले प्लाष्टिकजन्य माला, फूल गुच्छाको उत्पादन आयात र बिक्री वितरणमा रोक लगाएको छ।

महानगरपालिका उपप्रमुख एवं उपभोक्ता हित संरक्षण समितिका संयोजक मञ्जुदेवी गुरुङको नेतृत्वमा सोमबार पोखराका १२ वटा पसलहरुमा अनुगमन गर्दै रोक लगाएको हो। महानगरले गत वर्ष पनि अनुगमन गरेर बिक्रीवितरण नगर्न अनुरोध गरेको थियो।गत गर्ष बिक्री वितरण नगर्न अनुरोध गरिएका ७ पसललाई कारबाही र ४० हजार जरिवाना गरिएको छ भने १ लाख ९ हजार ९ सय १० रुपैयाँ बराबरको फुलका माला जफत गरिएको सहकारी उद्योग शाखाका अधिकृत ऋषिराम सापकोटाले जानकारी दिए।



अनुगमनका क्रममा पोखरा वडा ९ मा रहेको जयमा पुजा सामाग्री भण्डारलाई १० हजार जरिवाना र ९० हजार ४ सय ६० रुपैयाँ बराबरको फुलका माला जफत गरिएको छ। त्यस्तै पोखरा-३ को माता मनकामना पुजा सामाग्री भण्डारलाई ५ हजार जरिवाना र ७ हजार बराबरको फुलका माला जफत गरिएको छ।

यता पोखरा ३ कै किरण ट्रेड लिंकलाई ५ हजार जरिवाना र ८ हजार ५ सय बराबरको फूलको माला जफत गरिएको छ भने पोखराको महेन्द्रपुलमा रहेको सुधा साहुको पुजा सामाग्री भण्डारलाई ५ हजार जरिवाना र ३ हजार मुल्य बराबरको फुलको माला जफत गरिएको छ। यस्तै पोखरा-३ को खाल्सा गिफ्ट हाउसलाई ५ हजार जरिवाना र ६सय ५० रुपैयाँ मुल्य बराबरको फुलको माला जफत गरिएको अधिकृत ऋषि सापकोटाले जानकारी दिए।

नमो शिवाय पुजा सामाग्री भण्डार पोखरा-९ लाई ५ हजार जरिवाना गरिएको छ भने पोखरा १ बगरमा रहेको स्वीट एण्ड चार्ट रेष्टुरेन्टलाई ५ हजार जरिवाना र ३ सय बराबरको रसबरी नष्ट गरिएको छ। स्वीट हाउसमा रसबरीमा झिंगा, पुरानो चास्नी र फोहोर रहेकाले नष्ट गरि जरिवाना गरिएको हो। अन्य पाँच पसलहरुलाई सचेत गराउनुको साथै आगामी दिनमा प्लाष्टिक जन्य फुलगुच्छा, माला बिक्रीवितरण र भण्डार नगर्न निर्देशन दिइएको छ। अनुगमनमा महानगरपालिका उपप्रमुख मञ्जुदेवी गुरुङ, महानगर आर्थिक विकास महाशाखा प्रमुख मनहर कडरिया, जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत मुकुन्दराज पौडेल, सहकारी तथा उद्योग शाखा प्रमुख भरतराज पौडेल, गुणस्तर तथा नापतौल कार्यालय प्रतिनिधि विपिन पुरी, महानगर वन तथा वातावरण विज्ञ सन्तोष भटराई, महानगर खाद्य निरिक्षक स्मिता पौडेल, महानगर सहकारी उद्योग शाखा अधिकृत ऋषिराम सापकोटा, पत्रकारद्धय गौरव त्रिपाठी र बिनोद ढुंगानाको सहभागी थिए। नेपाल सरकार वन तथा वातावरण मन्त्रालयले वातावरण सरक्षण ऐन २०७६ को दफा १५ को उपदफा ६ ले दिएको अधिकार प्रयोग गरि २०७९ साउन १२ गते राजपत्रमा सुचना प्रकाशित गरि सोही मितिदेखि प्लाष्टिक जन्य फुलका गुच्छा उत्पादन आयात, बिक्रीवितरण वा भण्डार गर्न पूर्ण रुपमा रोक लगाउने निर्णय गरेको छ। नेपाल सरकारको उक्त निर्णय विपरित कुनै कार्य गरेको पाइएमा वातावरण संरक्षण ऐन २०७६ को दफा २२ को उपदफा ४ को खण्ड (क) वा (ख) बमोजिम वातावरण निरिक्षकबाट १५ हजारदेखि २० हजारसम्म जरिवाना हुने व्यवस्था रहेको छ।

पोखरा महानगरका उपप्रमुख मञ्जुदेवी गुरुङले प्लाष्टिकजन्य सामग्रीले यहाँको वातावरणमा असर परेको पर्ने भएकाले अनुगमन गरिएको बताइन्। उनले अघिल्लो वर्ष व्यसायीले गुनासो गरेपनिपछि अहिले आफैले हटाएर सहयोग गरेको बताइन्। चाडपर्वमा प्लाष्टिकजन्य फुलहरुको ब्यापार बढि हुने भएकाले अनुगमन गरेका हौ उहाँले भनिन्, 'गत वर्ष सचेत गराइएका केही ब्यापारिलाई जरिवाना सहित फुका माला जफत गरेका छौं ।' महानगर आर्थिक विकास महाशाखा प्रमुख मनोहर कडरियाले सानोदेखि होलसेल पसल सम्म अनुगमन गरिएको बताए । प्लाष्टिकजन्य सामग्री नेपाल बाहिरबाट आयात हुने र अर्थतन्त्र बाहिरिने तथा मानव जीवनमा समेत नकरात्मक प्रभाव पर्ने भएकाले रोक लगाइएको आर्थिक विकास महाशाखा प्रमुख मनोहर कडरियाले बताए । 'प्लाष्टिकजन्य फुलमाला विक्री वितरणमा रोक लगाउर्दा स्थानीय फुलले बजार पाउने र यसले वातावरणमा पार्ने नकरात्मक प्रभावलाई कम गर्छ।'

## पुतली अध्ययनमा जीवन बिताउने 'पुतली बाजे'

**पोखरापत्र संवाददाता**

पोखरा, २० कार्तिक

नेपालमा पुतलीको अध्ययनमा आफ्नो जीवन समर्पित गर्नुभएका कोलिन फिलिप स्मिथ 'पुतली बाजे'को आज अन्तिम बिदाइ गरिएको छ।

गत शनिबार बिहान ८७ वर्षको उमेरमा निधन हुनुभएका कोलिनकोपोखरामहानगरपालिकाले श्रद्धाञ्जलीसहित बिदाइ गरेको हो। पुतली बाजेको पार्थिव शरीर पृथ्वीनारायण क्याम्पस परिसरमा रहेको 'बटरफ्लाई म्युजियम'को प्राङ्गणमा राखिएका उहाँलाई अन्तिम श्रद्धासुमनका लागि उहाँका विद्यार्थी तथा सहपाठीको बाक्लो उपस्थिति रहेको थियो।

कोलिनको पार्थिव शरीरमा पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले राष्ट्रिय झण्डा ओढाउनुभयो । बेलायतबाट सन् १९६६ मा ३० वर्षको उमेरमा नेपाल आउनुभएका उहाँको पूरै जीवन नेपालमा पुतलीको अध्ययन र अनुसन्धानमा व्यतित भएको थियो। शिक्षा र प्रकृति संरक्षणमा नेपालमा गरेको योगदानस्वरुप सरकारले उहाँलाई सन् २०१९ मा सम्मानार्थ नागरिकता प्रदान गरेको थियो । कोलिनले नेपालका धेरै जिल्लामा पुगेर छ सयभन्दा बढी प्रजातिका पुतली सङ्कलन गर्नुभएको थियो। कोलिनले नेपालमा पुतलीको अध्ययनसहित पोखरा, गोरखा र काठमाडौँमा शिक्षणसमेत गर्नुभयो। महानगरप्रमुख आचार्यले पुतलीको माध्यमबाट नेपाललाई विश्वसामु चिनाउन उहाँको अतुलनीय योगदान रहेको स्मरण गर्नुभयो । उहाँले



भन्नुभयो, "नेपालको डाँडाकाँडा, भिरपाखा र पखेरा पुगेर छ सयभन्दा बढी प्रजातिका पुतली सङ्कलन गरेर ठूलो गुन लगाउनुभएको छ।

मानव जीवन र पर्यावरणमा पुतलीको ठूलो भूमिका हुन्छ भनेर उहाँले उजागार गर्नुभयो।" आफ्नो व्यक्तिगत जिन्दगी र देशसमेत छाडेर नेपाल र पोखरालाई आफ्नो घर बनाएर पोखरेली भएर मर्न पाऊँ भन्ने उहाँको आकाङ्क्षा अद्वितीय रहेको प्रमुख आचार्यको भनाइ छ। जीवनमा कोलिनले कसैलाई नपिराएको र सबैसँग अपनत्व रहेर बिदा हुनुभएको उहाँलाई बुझ्ने र जान्नेहरुको भनाइ छ। स्व कोलिन गणितको शिक्षक भएर पनि प्रकृतिको संरक्षणमा लाग्नुभएको थियो । उहाँकै अग्रसरतामा पृथ्वीनारायण क्याम्पस परिसरमा पुतली सङ्ग्रहालय स्थापना गरिएको छ। देश तथा विदेशबाट समेत सो सङ्ग्रहालको अध्ययन अवलोकनका लागि प्रकृतिप्रेमीहरु आउने गरेका छन्। सङ्ग्रहालयमा कोलिनले सङ्कलन गर्नुभएका पाँच सय ८७ प्रकारका पुतली राखिएको छ। पृथ्वीनारायण क्याम्पसँग समन्वय गरेर अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)ले सङ्ग्रहालय व्यवस्थापन गर्दै आएको छ। अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना प्रमुख डा रविन कडरियाले साना पुतलीहरुको संरक्षण गर्नुपर्दछ भन्ने धारणाको विकासमा स्व कोलिनले योगदान गरेको बताउनुभयो । विदेशबाट आएर नेपालको पुतलीको अध्ययन र अनुसन्धानमा उहाँको जीवन व्यतित भएको उहाँले स्मरण गर्नुभयो । "कोलिनले प्रकृतिप्रति माया गर्नुभयो। साना पुतलीहरुलाई संरक्षण गर्नुपर्दछ भन्ने धारणा विकास गरेर जानुभएको छ। आफ्नो काममा दत्तचित्त भएर लाग्दा उपलब्धि हुने र राज्यलाई समेत योगदान गर्न सकिन्छ भन्ने शिक्षा हामीले उहाँबाट पाउन सक्छौँ," कडरियाले भन्नुभयो । पृथ्वीनारायण क्याम्पसका संस्थापक क्याम्पसप्रमुख जोर्ज जोनले नेपालमा नचिनेका र नजानेका मानिसका लागि कोलिनले जीवन समर्पित गरेको बताउनुभयो। उहाँले भन्नुभयो, " नेपालमा काम गर्दा केही पनि पाउनुभएन, दिनुमात्र भएको छ । उहाँको समर्पित जीवनबाट हामीले केही सिक्नुपर्दछ ।" कोलिन लामो समयदेखि पोखरा-१८ लामागाउँमा बस्दै आउनुभएको थियो । स्वास्थ्यमा समस्या देखिएपछि उहाँलाई पोखराको हरियोखर्क अस्पतालमा उपचार गरिएको थियो । कोलिनको श्रद्धाञ्जलीपछि क्रिश्चियन परम्पराअनुसार अन्तिम संस्कार गरिएको छ।

## 'भूकम्पपीडितको उद्धार, राहत र पुनःस्थापना युद्धस्तरमा'

**पोखरापत्र संवाददाता**

पोखरा, २० कार्तिक

सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का महासचिव देवप्रसाद गुरुङले जाजरकोट भूकम्पपीडितको उद्धार, राहत र पुनःस्थापनाको काम युद्धस्तरमा भइरहेको बताउनुभएको छ।

पोखरामा सोमबार साँझ प्रेस सेन्टर कास्कीले आयोजना गरेको पत्रकार भेटघाटमा उहाँले सरकारले भूकम्प प्रभावितको समयमै प्रभावकारी रूपमा उद्धार सम्पन्न गरेको र अब युद्धस्तरमा राहत वितरण र पुनःस्थापनाको काम सुरु हुने जानकारी दिनुभयो । भूकम्प प्रभावितको राहत र पुनःस्थापनाको काम एकद्वार प्रणालीबाट गरिने बताउनुभयो। महासचिव गुरुङले



भन्नुभयो, "सरकारका अङ्ग, राजनीतिक दल र मित्र राष्ट्रहरूबाट राहतका लागि सहयोग र अनुदान दिने अभियान चलिरहेको छ। राज्यको नेतृत्वमा एकद्वार प्रणालीबाट राहत वितरण सुरु गर्ने र राज्यले योजना बनाएर पुनःस्थापनाको काम अघि बढाउने निर्णय गरेका छौं।"

माओवादी केन्द्रले भूकम्पपीडितका लागि पार्टी केन्द्रबाट रु ५० लाख सहयोग गर्ने र प्रत्येक प्रदेश समितिबाट रु एक लाखका दरले सहयोगका लागि आग्रह गरिएको महासचिव गुरुङले जानकारी दिनुभयो। वर्तमान सत्ता गठबन्धन र सरकारका विषयमा विभिन्न आशङ्का उत्पन्न गराउन खोजिए पनि सरकार सुरक्षित रहेको उहाँले बताउनुभयो।

सरकार र गठबन्धन टुटाउँदै अस्थिरता उत्पन्न गराउने प्रयास असफल भएको महासचिव गुरुङले बताउनुभयो। कोशी प्रदेशमा अस्थिरताको बाटो खोजिए पनि केन्द्रको गठबन्धन कायम राखेर जाने निर्णयले स्थिरता कायम गर्ने गुरुङको भनाइ छ । गुरुङले भन्नुभयो, "कोशी प्रदेशमा त्यहाँको प्रदेशसभाको अङ्कगणितलाई हेरेर अस्थिरता उत्पन्न गराउन खोजिएको थियो। पहिले त्यहाँ सरकार गठनमा समस्या भएपनि अहिले पुनः स्थिरताको बाटो

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## भाइटीकाको साइत कात्तिक २९ गते १० : ५१ बजे शुभ

**रासस**

काठमाडौं, २० कार्तिक


नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले यस वर्षको भाइटीकाको शुभ साइत कात्तिक २९ गते बुधबार १० : ५१ बजे शुभ रहेको जनाएको छ।

भाइटीकाका दिन दिनभर दिदीबहिनीका हातबाट टीका लगाउन शुभ रहेपनि साइत खोज्नेका लागि १०: ५१ बजेको उत्तम साइत दिइएको समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले राससलाई जानकारी दिनुभयो।

राज्य सञ्चालकले भने साइतमै टीका लगाउनुपर्ने शास्त्रीय नियम रहेको समितिले जनाएको छ । यस वर्षको यमपञ्चक अर्थात् तिहार कात्तिक २५ गते शनिबारदेखि सुरु हुने छ। तिहार नेपालीको दोस्रो ठूलो चाड हो।

नेपालमा धेरैले मनाउने दसैं र तिहारलाई राष्ट्रिय पर्वका रूपमा मनाइन्छ। तिहार पाँच दिनसम्म मनाउने गरिन्छ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# पुष्प मेलामा आकर्षण

**पोखरापत्र संवाददाता**
पोखरा, २० कार्तिक

पोखरामा जारी 'सातौँ गोदावरी पुष्प प्रदर्शनी तथा चौथो गण्डकी प्रादेशिक पुष्प मेला-२०८०' मा अवलोकनकर्ता र ग्राहकको आकर्षण बढेको छ। फ्लोरीकल्चर एसोसिएसन नेपाल, जिल्ला समिति कास्कीद्वारा आयोजित प्रदर्शनीको आइतबारसम्ममा १५ हजार बढीले अवलोकन गरेको जनाइएको छ।

शुक्रबारदेखिसुरुभएकोप्रदर्शनी अवलोकनसँगै अहिलेको याममा फुल्ने सयपत्री, गोदवारीलगायत फूल र बिरुवाको किनबेच पनि भइरहेको एसोसिएसनका अध्यक्ष डिलबहादुर गुरुङले बताउनुभयो। "पुष्प मेलाप्रति आकर्षण बढ्दै गएको छ, नयाँ-नयाँ प्रजातिका फूल एकै ठाउँमा भएकाले पनि ग्राहकलाई सहज भएको छ", उहाँले भन्नुभयो । पोखरा रङ्गशालामा सञ्चालन भइरहेको पुष्प मेलामा फूलका २०, कृषिका तीन र सूचनामूलक एक गरी २४ प्रदर्शनीकक्ष छन् । पुष्प व्यवसायको विस्तार तथा बजार प्रवर्द्धन गर्ने उद्देश्यले उक्त प्रदर्शनी मेलाको आयोजना गरिएको एसोसिएसनका अध्यक्ष गुरुङले बताउनुभयो । "मुख्यरुपमा गोदावरी फूललाई केन्द्रित गरेर प्रदर्शनी राखिएको भए पनि सयपत्रीलगायत अन्य विभिन्न प्रजातिका फूल तथा बिरुवा बिक्री वितरणका लागि मेलामा राखिएको छ", उहाँले भन्नुभयो, "आजसम्म २० हजार बढीले पुष्प प्रदर्शनीको अवलोकन गर्ने अपेक्षा लिइएको छ ।" पुष्प व्यवसायी बलराम श्रेष्ठले तिहारको याम भएकाले सयपत्री र गोदावरी फूल ग्राहकको रोजाइमा परेको बताउनुभयो । "कोही फूल किन्न आइरहनुभएको छ, कोही फूल खेती सम्बन्धी जानकारी लिएर पनि जानहुन्छ", उहाँले भन्नुभयो, "दिनैभरि प्रदर्शनीस्थलमा फूलप्रेमी चहलपहल हुने गरेको छ ।" 'सुन्दर नगरी पोखराको पहिचान, व्यावसायिक प्रवर्द्धनमा गोदावरीको सान' भन्ने आदर्श वाक्यसहित उक्त मेलाको आयोजना गरिएको हो। मेलाबाट पुष्प व्यवसाय गर्न चाहाने किसान तथा फूलप्रति अभिरुचि राख्ने ग्राहकले प्रत्यक्ष लाभ लिइरहेको आयोजकको भनाइ छ।

फूल खेती र एसोसिएसनले गर्दै आएका गतिविधिबारे पनि प्रदर्शनीस्थलमा जानकारी दिने गरिएको छ। पुष्प व्यवसायीहरूका अनुसार पछिल्लो समयमा पोखरामा फूल खेतीप्रति आकर्षण बढ्दो छ । नर्सरीबाट बिरुवा लगेर गाउँगाउँमा फूल उत्पादन गर्ने किसान पनि उत्तिकै रहेको व्यवसायी श्रेष्ठले बताउनुभयो । एसोसिएसनका अनुसार पोखरालाई चाहिने ८० प्रतिशतभन्दा बढी फूल यही उत्पादन हुन्छ । पन्ध्रदेखि २० प्रतिशत मात्र बाहिरबाट आयात गर्नुपर्ने अवस्था रहेको व्यवसायी बताउँछन् । तिहारका बेला भने माग धान्न नसकिने भएकाले भारतबाट फूल आयात गर्नुपर्ने अवस्था रहेको जनाइएको छ । गण्डकी प्रदेशमा ४८ जना नर्सरी सञ्चालन गर्ने पुष्प व्यवसायी रहेको एसोसिएसनले जनाएको छ । नर्सरीबाट बिरुवा लगेर फूल उत्पादन गर्ने किसानको सङ्ख्या भने धेरै छ । उन्नत बीउबिजन, अनुदान र आधुनिक खेती प्रविधिले पुष्प व्यवसायमा किसानको आकर्षण बढ्दै गएको जनाइएको छ।

यस वर्ष पोखरा महानगरपालिकाको सहयोगमा थप एक सय ६५ रोपनी क्षेत्रफलमा सयपत्री र मखमली फूल खेती विस्तार भएको जनाइएको छ । पोखरासहित कास्कीका अन्य स्थानीय तहले पनि फूल खेती गर्ने किसानलाई अनुदान र प्रविधि सहयोग गर्दै आएका छन् ।

# जागरण आमा समुहको नवनिर्मित भवन उद्घाटन

**पोखरापत्र संवाददाता**
पोखरा, २० कार्तिक




सभ्य समाज निर्माणका साथै महिला नेतृत्व विकासमा अग्रहणी भूमिका खेल्दै आएको जागरण आमा समुहले कार्यालय भवन निर्माण सम्पन्न गरेको छ।

पोखरा महानगरपालिका वडा नं.१७ महतगौडास्थित भित्री पाटनको सार्वजनिक जग्गामा लगभग १५ लाखको लागतमा उक्त ट्रष्ट भवन निर्माण गरिएको हो। पोखरा १७ का वडाअध्यक्ष राधिका शाही योगीले समुहको दशौ वार्षिक साधारण सभा एवम् पाँचौ अधिवेशनका आवसरमा आज एक समारोहका बीच नवनिर्मित भवनको उद्घाटन गर्दै हक अधिकार सुनिश्चितताका लागि आमा समुह संगठित भएर अघि बढ्नु पर्नेमा जोडदिनुभयो। आमा समुहका प्रत्येक गतिविधिमा वडा कार्यालयको तर्फबाट सक्दो सहयोग गर्ने बताउँदै उहाँले भन्नुभयो"अवका आमाहरु उत्पादनसग जोडिनु पर्ने आवश्यकता औल्याउनुभयो।"

चोरको विगविगी बढेको यो क्षेत्रमा शान्ति सुव्यवस्था कायम गर्न प्रहरी विट स्थापना गर्नुपर्ने आवश्यकता औल्याउँदै उहाँले त्यसका लागि आवश्यक जग्गाको खाँचो औल्याउनुभयो । चोरको विगविगी भएपछि सो क्षेत्रका विभिन्न संघसंस्थाको समन्वयमा रातिको समयमा गस्ति वस्दै आएको जनकल्याण टोल विकास संस्थाका अध्यक्ष इन्दिरा भण्डारीले जानकारी दिनुभयो । कार्यक्रममा समुहको भवन निर्माणमा सहयोग गर्नु हुने दाता, समाजका जेष्ठनागरिक लगायत आमा समुहको उन्नयनका लागि निरन्तर लाग्नु हुने समाजसेवी, शिक्षा प्रेमी, संस्कृति कर्मीलाई सम्मानपत्र र दोसल्लाले सम्मान गरिएको थियो। समुहका अध्यक्ष शोभा भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा वडासदस्य शिवराम भण्डारी, जानकी विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नरेन्द्र गुरुरू, सितापाईला ढुङगेसाँघु आमा समुहका अध्यक्ष सिता काफ्ले, सिद्धेश्वर वहुदेश्यीय कृषि सहकारी संस्थाका अध्यक्ष शंकरराज भण्डारी, ढुङ्गेसाघु वचत तथा ऋण सहकारीका अध्यक्ष नेत्रप्रसाद भण्डारी लगायतले आमा समुहको आवश्यकता र यसले गर्दै आएका कृयाकलापका बारेमा चर्चा गर्नुभएको थियो।

# आन्तरिक पर्यटनमा आशा जगाउँदै पूर्वी नेपालमा पोखराको प्रवर्द्धन सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २० कार्तिक

होटेल सङ्घ पोखराको आयोजना एवं पोखरा महानगरपालिकाको सहयोगमा पूर्वी नेपालका प्रमुख सहरमा गरिएको 'जाउँ है पोखरा' अभियान आन्तरिक पर्यटनको वृद्धिमा जोड दिँदै सकिएको छ।

यही कात्तिक १६ गतेदेखि सुरु गरिएको पाँच दिने अभियानमा पूर्वी नेपालका बर्दिबास, जनकपुर, विराटनगर, इटहरी, बिर्तामोड, धनकुटा, चितवनलगायतका प्रमुख सहर समेटिएको थियो।

सूर्योदयको स्थल भनेर चिनिने पूर्वी नेपालको इलामबाट २० वर्षअघि सुरु गरिएको अभियानलाई त्यस यता निरन्तरता दिँदै आइएको होटेल सङ्घ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिनुभयो। देशमा १० वर्षे द्वन्द्व चल्दै गर्दा सुरु गरिएको अभियानको प्रभाव सकारात्मक बन्दै गएको र यसले देशैभरि नेपालीमा घुम्ने बानीको विकासमा टेवा पुऱ्याएको उहाँले बताउनुभयो।

अभियान सुरु गर्दा घुम्न निस्कने नेपाली एक प्रतिशत रहेकोमा अहिले उक्त दर ३५ प्रतिशत पुगेको उहाँको भनाइ छ । पूर्वी नेपालमा सञ्चालित कार्यक्रमले पोखरा र पूर्वी नेपालबीच पर्यटकीय साझेदारी बढ्ने विश्वास लिइएको उहाँले बताउनुभयो । आन्तरिक पर्यटनको विकासको लागि व्यावसायिक सहकार्य र पर्यटन प्रवर्द्धनको उद्देश्यका साथ गरिएको कार्यकमले आन्तरिक पर्यटनको आगमनमा वृद्धि हुने विश्वास लिइएको पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले बताउनुभयो।

आन्तरिक पर्यटनको चहलपहल बढाउन राज्यका तर्फबाट पर्यटनमैत्री नीतिसँगै सडकलगायतका पूर्वाधार, प्रभावकारी सडक तथा हवाई सञ्जालको विकासमा ध्यान दिनुपर्ने उहाँले बताउनुभयो।

कार्यक्रमका क्रममा विभिन्न स्थानमा गरिएका छलफल एवं अन्तर्क्रियामा आन्तरिक पर्यटनको विकासका लागि सडक तथा हवाई सञ्जाल प्रभावकारी बन्नुपर्ने, राज्यको पर्यटनमैत्री नीति तथा व्यवहार हुनुपर्ने, भारतीय नोट नचल्दा भारतीय पर्यटक आगमनमा परिरहेको असरको अन्त्य गर्नुपर्नेलगायतका विषयमा व्यवसायीले भनाइ राखेका थिए ।सङ्घका अध्यक्ष सुवेदी नेतृत्वको टोलीमा होटेल सङ्घ पोखराका सल्लाहकारद्वय विप्लव पौडेल, भरतराज पराजुली, पोखरा पर्यटन परिषद्का अध्यक्ष श्रेष्ठ पोखरा महानगरपालिका-२३ का वडाध्यक्ष रामकाजी गुरुङलगायत पर्यटन व्यवसायी, जनप्रतिनिधि र सञ्चारकर्मीसहित २० जनाभन्दा बढी सहभागी थिए।

# भूकम्पपीडितको ...

सुरु भएको छ । सहमति र समझदारीबाट अघि बढेकाले अहिलेको गठबन्धन र सरकार सुरक्षित छ ।" "केन्द्रमा नसके पनि प्रदेशमा राष्ट्रिय सहमतिको सरकार बनाउन खोजेका थियौँ । तर त्यसमा सफलता मिलेन ।" गुरुङले भन्नुभयो । महासचिव गुरुङले लामो समयदेखि रोकिएको सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित विधेयक आगामी हिउँदे अधिवेशनमा संसद्मार्फत टुङ्गोमा पुग्ने बताउनुभयो । टिआरसीको अन्तरवस्तुमा सबै सहमत भए पनि प्रक्रियामा अल्झाउने प्रयास गरिएको उहाँको भनाइ छ।

महासचिव गुरुङले पार्टीले सञ्चालन गरिरहेको रुपान्तरण अभियानले पार्टीलाई चलायमान र गतिशील बनाएको बताउनुभयो। "पार्टीले सुरु गरेको जनतासँग माओवादी रुपान्तरण अभियानले पार्टी चलायमान बनेको छ। सङ्गठन विस्तार र सुदृढीकरणका काम भइरहेका छन् । पार्टीभित्र र बाहिर नयाँ सञ्चार भएको छ ।" उहाँले भन्नुभयो।

## बालबालिकाको भविष्य उज्ज्वल बनाऔं ।

◆ बालबालिकाको पहिलो तीन बर्ष महत्वपूर्ण हुन्छ,
◆ त्यस अविधिमा ८० प्रतिशत मष्तिष्क विकास हुने गर्दछ,
◆ उनीहरुले वरपरको वातावरणबाट सिक्ने गर्दछन्,
◆ यस अवधिमा बालबालिकालाई राम्रो स्याहार, सम्भार र उत्प्रेरित गरौं,
◆ उनीहरुसँग नियमित अन्तरक्रिया गरौं,
◆ यस अवधिमा उनीहरुसँग गरिने व्यवहार, ज्ञान, सीप र सिकाईबाट बालबालिकाको उज्ज्वल भविष्य निर्माण हुन्छ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# 'राहत र पुन:स्थापना सरकारको पहिलो प्राथमिकता'

**रासस**
काठमाडौं २० कार्तिक

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले भूकम्पपीडितको उद्धार, राहत र पुनः स्थापनालाई सरकारले पहिलो प्राथमिकतामा राखेको बताउनुभएको छ।

भूकम्पपीडितको उद्धार तथा राहतमा सरकारको तदारुकताका लागि धन्यवाद ज्ञापन गर्न पुगेका राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदसँगको भेटमा उहाँले पीडितलाई सबै प्रकारको सहयोग गर्न सरकारले कुनै कसर बाँकी नराखेको बताउनुभयो।


प्रधानमन्त्री दाहालले भन्नुभयो, "राष्ट्रिय स्वतन्त्र पार्टीले दिएको धन्यवादले मलाई ऊर्जा मिलेको छ ।" रास्वपाले दिएका सुझावलाई यसअघि नै सरकारले मन्त्रिपरिषद् र राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरणबाट निर्णय गरिसकेको उहाँको भनाइ छ। प्रधानमन्त्री दाहालले भन्नुभयो, "अहिले तपाईंहरूले सरकारले लिएको पहलकदमी वा तत्परताका लागि दिनुभएको धन्यवाद आफैँमा पनि सरकारलाई एउटा नयाँ ऊर्जा मिलेको महसुस भएको छ ।" उहाँले पीडितसमक्ष सही समय र ठीक ढङ्गले राहत प्राप्त हुने वातावरण बनोस् भन्नेमा सरकार सचेत रहेको बताउनुभयो।

विगतमा भएका कमीकमजोरी दोहोरिन नदिने र त्यसबाट शिक्षा लिएर पीडितको राहत र पुनः स्थापनामा लाग्ने प्रतिबद्धता व्यक्त गर्दै प्रधानमन्त्री दाहालले भन्नुभयो, "त्यसका लागि कानुनमा समेत केही संशोधन गर्नुपर्ने आवश्यकता छ, राहत र पुनःस्थापनालाई मोडेलका रूपमा अगाडि बढाउनेमा सरकार दृढ छ ।" सो अवसरमा रास्वपाका उपसभापति डोरप्रसाद अर्यालले छबुँदे सुझाव दिँदै राहत सामग्री पीडितसमक्ष पुगे/नपुगेका अनुगमन गर्न, चिसोको समय रहेकाले पीडितको अवस्थाबारे विशेष ध्यान दिन तथा राहत र पुनः स्थापनाका लागि कानुनमा आवश्यक सुधार गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवन दुःखपूर्ण छ जहाँ आँसु लिएर बाँच्नुपर्छ ।
- लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# मन्त्रीहरूको असुहाउँदो विदेश भ्रमण

भूकम्पका कारण देश नै विपद्मा रहेकाले राष्ट्रपति रामचन्द्र पौडेलले विदेश भ्रमण स्थगन गरेका छन् । "भूकम्पका कारण देश नै विपद्मा रहेकाले राष्ट्रपति पौडेलले विदेश भ्रमण गर्न चाहनुभएन,"बुधबारदेखि तय भएको विदेश भ्रमण स्थगन गर्नुभएको छ ।"राष्ट्रपति पौडेलको स्वकीय सचिवालयले विज्ञप्तिमार्फत् जनाएको छ । राष्ट्रपति पौडेल कात्तिक २२ गते यूरोपको भ्रमणमा निस्कँदै थिए। मन्त्रिपरिषद्को कात्तिक १६ गते बसेको बैठकले पनि राष्ट्रपतिका विदेश भ्रमण स्वीकृत गरिसकेको थियो ।

राष्ट्रपति पौडेल फ्रान्सको पेरिसमा आयोजना हुने पेरिस पीस फोरममा भाग लिने कार्यक्रम थियो। त्यस्तै, जर्मनी र इटालीको पनि भ्रमण गर्ने तय भएको थियो। उनी मंसिर १ गते नेपाल फर्किने कार्यक्रम थियो । भूकम्पीय विपत्तिबाट गुज्रिरहेका वेला नेपाल सरकारका मन्त्रीहरू राज्यकोषको करोडौँ रुपैयाँ खर्चेर विदेश भ्रमण गर्दै छन्।यही बेला राष्ट्रपति पौडेलको विदेश भ्रमणलाई लिएर सामाजिक संजालमा विरोध भएको थियो ।

शुक्रबार राति कर्णाली प्रदेशमा गएको भूकम्पले १५३ जनाको ज्यान लियो । भूकम्पबाट २५६ जना घाइते भए भने रुकुम पश्चिमको बाहेक झन्डै १० हजार घरमा क्षति भएको प्रारम्भिक अनुमान छासोमबार फेरि जाजरकोट केन्द्र भएर गएको ५.८ म्याग्नेच्यूटको भूकम्पले फेरि तर्साएको छापटकपटक गइरहेको परकम्पले गर्दा भूकम्प पीडितहरू त्रसित बनेका छन्।गृह मन्त्रालयको विपद् पूर्व तयारी तथा प्रतिकार्य शाखाका अनुसार यसमध्ये ९३७ घर पूर्णरूपमा भत्किएको छ। तर, मुलुक विपत्तिमा परेर राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरबाटै चिन्ता व्यक्त भइरहेका वेला नेपाल सरकारका मन्त्रीहरू भने वैदेशिक भ्रमणको अशोभनीय तयारी गरिरहेका छन् ।

मुलुकले विपत्तिको सामना गरिरहेको वेला र नागरिक शोकमग्न रहेका वेला राष्ट्रपति विदेश भ्रमणमा जाने तयारी गर्दा गहिरो प्रश्न उब्जाउने थियो । यसले एकातिर राष्ट्रपतिको नागरिकप्रतिको सहानुभूति र संवेदनशीलताको विषयमा प्रश्न उठाउने थियो भने अर्कातिर भूकम्पका कारण स्रोतको थप चाप परिरहेको वेला राष्ट्रपतिको नगए पनि हुने भ्रमणमा व्ययको भार बढाउने थियो । आम नागरिकको भावनालाई समेत कदर गर्दै भूकम्पबाट यति ठुलो जनधनको क्षति पुगेको राष्ट्रिय दुःखको घडीमा राष्ट्रपतिले युरोप भ्रमण रद्द गरेर राष्ट्रपतिप्रति सम्मान बढाएको छ ।

सरकारका अन्य मन्त्रीहरू मुलुकको विपत्तिका वेला राज्यकोषको रकम खर्च गरेर विदेश भ्रमणमा गइरहेका छन् । जाजरकोट भूकम्पको भोलिपल्टै शनिबार राति उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजाल चीन भ्रमणमा गएका छन्। चीनको शाङहाईमा आइतबारबाट शुरू भएको छैटौं चीन अन्तर्राष्ट्रिय आयात मेलामा भाग लिन मन्त्री रिजाल चीन भ्रमणमा निस्किएका थिए। त्यसैगरी, कृषि तथा पशुपन्छी विकास मन्त्री बेदुराम भुसाल कात्तिक २१ मा चीनको भ्रमणमा निस्किँदैछन् । नेकपा एकीकृत सछ्ढमाजवादीका अध्यक्ष माधवकुमार नेपालसँगै मन्त्री भुसाल साताव्यापी लामो चीन भ्रमणमा जान लागेका छन्। उनी कात्तिक २८ मा नेपाल आउने कार्यक्रम रहेको मन्त्रीको सचिवालयले जनाएको छ ।

त्यसैगरी, शिक्षा विज्ञान तथा प्रविधि मन्त्री अशोककुमार राई पनि कात्तिक २० मा फ्रान्सको पेरिस भ्रमणमा निस्किएका छन्। पेरिसमा हुने यूनेस्कोको महासभामा भाग लिन मन्त्री राई युरोप गएका छन्। उनी कात्तिक २९ मा मात्रै देश फर्किनेछन् । शिक्षा, विज्ञान तथा प्रविधि राज्यमन्त्री प्रमिला कुमारी पनि चीन भ्रमणमा छिन् । कात्तिक २० र २१ मा चीनको छोङ्छिङमा आयोजना हुने बेल्ट एन्ड रोड कन्फेरेन्स अन साइन्स एन्ड टेक्नोलोजी कार्यक्रममा भाग लिन उनी आइतबार चीन भ्रमणमा गएकी हुन् ।

त्यसैगरी, सशस्त्र प्रहरी बलका प्रमुख राजु अर्याल पनि कात्तिक १९ मा भारत भ्रमणमा गएका छन् । उनी भारतको सीमा सुरक्षा बलको महानिर्देशक र नेपालको सशस्त्र प्रहरी बलका महानिरीक्षकबीच हुने वार्षिक बैठकमा भाग लिन भारत पुगेका हुन् । मुलुक भूकम्पको विपत्तिमा परेका वेला राज्यकोषको करोडौं रुपैयाँ खर्चेर सरकारका मन्त्रीहरू विदेश भ्रमणमा निस्कनु असुहाउँदो हो । देश र जनताको हितका लागि काम गरेको दावी गर्नेहरुले विपत्तिका बेला भ्रमण स्थगित गरेर पीडितलाई सान्त्वना दिन सकेमा नागरिकको कर्तव्य पूरा गरेको ठहर्नेछ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : आर्थिक समस्या |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : मानसिक तनाव |
| मिथुन | : मन चञ्चल | धनु | : शारीरिक झमेला |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : व्यापारमा लाभ |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# मुग्लिन पोखरा सडक :
## डुम्रे-छिर्कने खण्डमा कालोपत्र गर्न थालियो

पोखरापत्र संवाददाता
दमौली, २० कार्तिक

पृथ्वी राजमार्गअन्तर्गत मुग्लिन पोखरा सडक विस्तार योजनाअन्तर्गत तनहुँको डुम्रे-छिर्कने खण्डमा कालोपत्र थालिएको छ ।

मुग्लिन पोखरा सडकलाई चार लेनमा विस्तार गर्ने योजनाअनुरुप बन्दीपुर गाउँपालिका-१ डुम्रेको नालादेखि छिर्कनेसम्म सडक कालोपत्रको काम सुरु भएको हो । तिहारअघि नै सक्ने गरी डुम्रेको नाला पुलबाट छिर्कनेतर्फको तीन किलोमिटर सडक कालोपत्र सुरु भएको मुग्लिन पोखरा सडक योजना (पूर्वी खण्ड) का इन्जिनियर विष्णुप्रसाद पाण्डेले जानकारी दिनुभयो । तिहारपछि भने नालापुलबाटै छिर्कनेसम्मको करिब छ किलोमिटर खण्ड कालोपत्र हुनेछ।

उहाँले भन्नुभयो, "यस खण्डमा 'अस्फाल्ट प्रविधि'मा कालोपत्र सुरु गरिएको छ । सडक आवागमनलाई सहज बनाउन अहिले एकतर्फी मात्रै काम भइरहेको छ ।" यसअघि आयोजनाले आँबुखैरेनी खण्डमा कालोपत्र गरेको थियो । आँबुखैरेनीगाउँपालिका-१बरादीमा डेढ किलोमिटर सडक कालोपत्र भइसकेको जनाइएको छ । पृथ्वी राजमार्गलाई चार लेनमा विस्तार गर्ने उद्देश्यसहित काम भइरहेको मुग्लिन पोखरा सडक विस्तार आयोजनाको पूर्वी खण्डमा धमाधम काम भइरहेको छ । आँबुखैरेनीदेखि जामुनेसम्मको खण्डमा काम तीव्र गतिमा अगाडि बढेको पाण्डेको भनाइ छ । पूर्वी खण्डमा सडक फराकिलो बनाउने, पक्की पुल तथा कल्भर्ट निर्माणको कामले पनि गति लिएको छ । यो खण्डमा हालसम्म ३६ प्रतिशत काम सकिएको छ । राजमार्ग विस्तारका लागि पूर्वी खण्डमा घरटहरा हटाउने काम चलिरहेको छ । यस खण्डमा छ सय ३१ घरटहरा भत्काइनेछ । यसका लागि रु २२ करोड ४५ लाख मुआब्जा वितरण गरिनेछ । पूर्वी खण्डको कामका लागि विसं २०७७ माघ १७ गते सम्झौता भई २०७८ वैशाख २ गतेदेखि काम सुरु भएको थियो । ४१ दशमलव ४५ किमी यो खण्डमा तीन ठूला र चार साना पुल निर्माण गरिनेछ । पूर्वी खण्डको ठेक्का चाइना कम्युनिकेसन कन्स्ट्रक्सनले पाएको छ । यो खण्डको म्याद विसं २०८१ वैशाखसम्म रहेको छ।

पश्चिम खण्डअन्तर्गत जामुनेदेखि पोखरासम्म विसं २०७८ जेठ २ गते सम्झौता भई विसं २०७८ भदौ १२ गतेदेखि काम सुरु भएको थियो । यो खण्ड निर्माणको जिम्मा चिनियाँ कम्पनी यनहुइ काइयुवान हाइवे एन्ड ब्रिज कन्स्ट्रक्सनले पाएको छ । यो खण्डको म्याद विसं २०८१ भदौसम्म रहेको छ । पश्चिम खण्डको काम भने सुस्त छ । विसं २०२६ मा रेखाङ्कन भएको सडकमा सवारीको चाप बढ्दै गएपछि एसियाली विकास बैंक (एडिबी)को ऋण सहयोगमा सडक चार लेनको बनाउन लागिएको हो । पूर्वी खण्डको ठेक्का रु छ अर्ब २१ करोड ३१ लाख १३ हजारमा र पश्चिम खण्डको ठेक्का रु सात अर्ब ४० करोड ४६ लाखमा लागेको छ।

चार लेनको बन्दा सडक सीमा दुईतर्फी २५/२५ मिटर हुनेछ । बाक्लो बस्ती भएका स्थानमा ४१ मिटर चौडाइको सडक बन्नेछ । डिजाइनअनुसार तनहुँको दमौली र डुम्रे बजारमा ४१ मिटरको सडक बन्नेछ । दुलेगौडादेखि खैरेनीटार बजारसम्म, कोत्रेबजार क्षेत्र र कास्कीको गगनगौडादेखि पोखरासम्म सडकको चौडाइ ४६ मिटरको हुनेछ।

# बागलुङका स्थानीय तहद्वारा ३० लाख सहयोग

पोखरापत्र संवाददाता
बागलुङ, २० कार्तिक

शुक्रबार राति जाजरकोटको रामीडाँडा केन्द्रविन्दु भएर गएको भूकम्पपीडितलाई सहयोग गर्नेक्रम जारी रहेको छ।

यसक्रममा बागलुङका दश स्थानीय तहले एकमुष्ट रु ३० लाख राहत रकम प्रदान गर्ने भएका छन् ।

चार नगरपालिकाले रु तीन लाख ७५ हजार र छ गाउँपालिकाले रु दुई लाख ५० हजार सहयोग गर्ने निर्णय भएको बागलुङ नगरपालिकाका नगरप्रमुख वसन्तकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालले बागलुङ जिल्लाका स्थानीय तहले प्रदान गर्ने नगद, उद्योग वाणिज्य सङ्घ बागलुङ, जिल्ला रेडक्रस सोसाइटी बागलुङ, रोटरी क्लब अफ बागलुङ र अन्य सङ्घ संस्थाले प्रदान गर्ने जिन्सी सामग्रीसहित आवश्यक औषधिसमेत लिएर जाजारकोटतर्फ जाने योजना रहेको बताउनुभयो ।

भूकम्प पीडितका लागि आवश्यक लत्ताकपडा बागलुङ उद्योग वाणिज्य सङ्घमार्फत कपडा तथा फ्रेन्सी व्यवसायी समितिद्वारा सङ्कलन गरिएको बागलुङ उद्योग वाणिज्य सङ्घका अध्यक्ष नरेश कँडेलले जानकारी दिनुभयो ।

# ट्र्याक्टरबाट खसेर एकजनाको मृत्यु

पोखरापत्र संवाददाता
दमौली, २० कार्तिक

तनहुँको भिमाद नगरपालिका-६ मा सोमबार बिहान ट्र्याक्टरबाट खसेर एक जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा ट्र्याक्टरमा सवार भिमाद नगरपालिका-६ जलौदी बस्ने ३३ वर्षीय मिनबहादुर सार्की रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

जनज्योति क्याम्पसतर्फबाट बसपार्कतर्फ जान आउँदै गरेको ग १ त ४४४६ नम्बरको ट्र्याक्टरमा सवार सार्की खसेर घाइते भएकाले उपचारका लागि जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्र लगिएकामा बिहान ८:२५ बजे मृत्यु भएको प्रहरी नायब उपरिक्षक मोहनबहादुर खाँणले जानकारी दिनुभयो ।

हाल ट्र्याक्टर चालक प्रहरी नियन्त्रणमा छन् ।

# विदेशी पर्यटकको लागि मनास्लु क्षेत्र रोजाइमा

पोखरापत्र संवाददाता
गोरखा, २० कार्तिक

पछिल्लो समय नेपाल घुम्न आउने विदेशी पर्यटकहरूको लागि मनास्लु क्षेत्र रोजाइमा पर्ने गरेको छ।

गोरखा सदरमुकामबाट बूढीगण्डकी नदीको तिरैतिर भई पाँच हजार एक सय पाँच मिटर उचाइको लार्के भञ्ज्याङ नाघेर लामो पदयात्रापछि यस क्षेत्रमा पुग्न सकिन्छ । चुमनुब्री गाउँपालिकामा पर्ने मनास्लु क्षेत्रमा प्राकृतिक सुन्दरता मात्र नभएर सांस्कृतिक सम्पदाले भरिपूर्ण रहेको पर्यटकीय क्षेत्र हो । मनास्लु क्षेत्रमा भ्रमणका लागि पुगेका विदेशी पर्यटकबाट करिब रु दुई करोड २८ लाखभन्दा बढी राजस्व सङ्कलन भएको छ। आर्थिक वर्ष २०७९/८० मा मात्र मनास्लु क्षेत्र संरक्षण आयोजना कार्यालय (एमक्याप) ले मनास्लु क्षेत्र घुम्न गएका पर्यटकबाट एक वर्षमा रु दुई करोड २७ लाख ९७ हजार राजस्व सङ्कलन गरेको हो । मनास्लु संरक्षण क्षेत्र आयोजना कार्यालयले मनास्लु घुम्न जाने सार्क राष्ट्का पर्यटक र अन्य विदेशी पर्यटकबाट प्रवेश शुल्क लिने गर्दै आएको छ । "कार्यालयले सार्क राष्ट्का पर्यटकबाट प्रतिव्यक्ति रु एक हजार शुल्क उठाउने गरेको छ", कार्यालयका प्रमुख सन्तोष शेरचनले भन्नुभयो, "त्यसबाहेक अन्य विदेशी पर्यटकबाट प्रतिव्यक्ति रु तीन हजार लिने गरिएको छ ।" गत आर्थिक वर्षमा मनास्लु क्षेत्रमा सार्क राष्ट्रबाट घुम्नका लागि पुगेका एक सय ५९ पर्यटकबाट कूल रु एक लाख ५९ हजार राजस्व सङ्कलन भएको थियो । त्यस्तै अन्य विदेशी पर्यटकबाट रु दुई करोड २६ लाख ३८ हजार राजस्व सङ्कलन भएको कार्यालयले जनाएको छ ।

चालु आवमा पर्यटकको सङ्ख्या बढ्ने अनुमान गरिएकाले राजस्व संकलनमा वृद्धि हुने अनुमान गरिएको प्रमुख शेरचनले जानकारी दिनुभयो । चालु आर्थिक बर्षको साउनदेखि असोजसम्म मात्र मनास्लु क्षेत्र पुगेका पर्यटकहरूबाट प्रवेश शुल्क वापत ८५ लाख ९ हजार रुपैयाँ राजस्व संकलन भइसकेको छ ।

साउनदेखि असोजसम्मको अवधीमा मनास्लु क्षेत्रमा सार्क राष्ट्का ९७ जना र सार्क राष्ट्रबाहेकका अन्य राष्ट्बाट दुई हजार आठ सय चार जना गरी कूल दुई हजार नौ सय तीन जना पर्यटक त्यहाँ पुगेका छन् ।

# आयोजनाको मुख्य बाँध निर्माणका लागि सेती नदी फर्काइयो

पोखरापत्र संवाददाता
दमौली, २० कार्तिक



एक सय ४० मेगावाट क्षमताको जलाशययुक्त तनहुँ जलविद्युत् आयोजनाको मुख्य बाँध निर्माणका लागि सेती नदी फर्काइएको छ । ऋषिङ गाउँपालिका-१ र व्यास नगरपालिका-५ सिमाना भएर बग्ने सेती नदीलाई एक सय ४० मिटर अग्लो 'कफ्रिडम्' मुख्य बाँध निर्माणस्थलभन्दा माथिल्लो तटीय क्षेत्रबाट छ सय २६ दशमलव ९२ मिटर लामो सुरुङ निर्माण गरी फर्काइएको हो ।

सुरुङमार्फत फर्काइएको पानीलाई मुख्य बाँध निर्माणस्थलबाट तल्लो तटीय क्षेत्रमा पुनः सेती नदीमा खसालिएको छ । बाँध निर्माणका लागि नदी फर्काउने कामलाई महत्वपूर्ण मानिन्छ । सन् २०२१ देखि निर्माण सुरु भएको सुरुङमार्ग हालै सम्पन्न भएपछि नदी फर्काइएको हो । सेती नदी अब सुरुङमार्ग भएर बग्नेछ ।

जिल्ला समन्वय समिति तनहुँका प्रमुख शान्तिरमण वाग्ले, नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक एवं तनहुँ हाइड्रोपावर लिमिटेड सञ्चालक समितिका अध्यक्ष कुलमान घिसिङ, तनहुँका प्रमुख जिल्ला अधिकारी छविलाल रिजाल र एसियाली विकास बैंकका वरिष्ठ निर्देशक (ऊर्जा) प्रियन्था विजयतुङ्गाले आज बेलुन उडाएर नदी फर्काउने कार्यको शुभारम्भ गर्नुभएको हो ।

अब मुख्य बाँध निर्माण अवधिसम्मका लागि नदी फर्काउनका लागि करिब ४० मिटर अग्लो अस्थायी 'कफ्रिडम्' बाँध निर्माण गरिएको छ । उक्त बाँध आगामी मनसुन सुरु हुनुभन्दा पहिले नै निर्माण सक्ने गरी काम भइरहेको आयोजना प्रमुख राजभाइ शिल्पकारले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "नदी फर्काइएपछि अब बाँध निर्माणका लागि काम गर्न सहज हुन्छ । बाँध निर्माणका लागि जग खन्ने काम पनि अब सुरु हुन्छ ।" विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले नदी फर्काउने कार्य आयोजना निर्माणका लागि एउटा महत्वपूर्ण फड्को भएको बताउनुभयो ।

विगतमा परामर्शदाता र निर्माण व्यवसायी छनोटमा केही ढिलाइ भए पनि अहिले नमूना आयोजनाका रुपमा अगाडि बढाउने गरी काम भइरहेको उल्लेख गर्दै घिसिङले समयमै सम्पन्न गर्ने गरी तदारुकताका साथ काम भइरहेको बताउनुभयो । आयोजनाको समग्र निर्माण प्रगति करिब ४६ प्रतिशत रहेको छ । समग्र निर्माण २०८३ असारभित्र सक्ने लक्ष्य राखिएको छ।

एडिबीका वरिष्ठ निर्देशक (ऊर्जा) प्रियन्था विजयतुङ्गाले कालीगण्डकी जलविद्युत् निर्माण सम्पन्न भएपछि आयोजनाले अवलम्बन गरेका सामाजिक र वातावरणीय सुरक्षणका क्रियाकलापलाई नमूनाका रुपमा दूधकोसी जलविद्युत् आयोजनामा लागू गर्न सकिने बताउनुभयो। उहाँले विगत वर्षदेखि नेपालको ऊर्जा क्षेत्रमा गर्व गर्न लायक काम भएको बताउँदै दूधकोसी जलविद्युत्जस्ता ठूलो आयोजनामा एडिबीले लगानी गर्न लागिरहेको उल्लेख गर्नुभयो ।

आयोजनाको मुख्य निर्माण कार्यलाई तीन चरणमा विभाजन गरी काम भइरहेको छ । पहिलो चरण अन्तर्गत एक सय ४० मिटर अग्लो बाँध निर्माणका लागि सोइदढा कर्पोरेसन, भियतनाम-कालिका कन्स्ट्रक्सन (प्रा) लि नेपाल जेभीसँगको ठेक्का सम्झौता विसं २०७८ भदौ १४ गतेदेखि कार्यान्वयनमा आएको थियो । निर्माण व्यवसायीले हाल अर्को डाइभर्सन सुरुङ र मुख्य बाँध निर्माणका लागि सेती नदीको दायाँ तथा बायाँतर्फबाट पहाड काट्ने कार्य गरिरहेको छ ।

उक्त कार्यको प्रगति करिब ५४ प्रतिशत छ । आयोजनाको सुरुङ, विद्युत् गृह निर्माण र हाइड्रोमेकानिकल तथा इलेक्ट्रोमेकानिकल उपकरण आपूर्ति, जडान तथा सञ्चालनलगायत दोस्रो चरणको निर्माण कार्यका लागि सिनो हाइड्रो कर्पोरेसन, चीनसँग विसं २०७५ असोज १५ गते खरिद सम्झौता भएको थियो । निर्माण सुपरिवेक्षण परामर्शदाताले खरिद सम्झौताबमोजिम निर्माण कार्य सुरु गर्न कार्यादेश जारी गरेपश्चात् सिनो हाइड्रोले विसं २०७५ माघ ६ देखि आयोजनास्थलमा परिचालित भई निर्माण जारी राखेको छ । भूमिगत विद्युत्गृह खन्ने कार्य सम्पन्न गरी कङ्क्रिटिङ तथा टर्बाइनलगायत उपकरण जडान भइरहेको छ । टेलरेस सुरुङ निर्माण सम्पन्न भएको छ भने मुख्य सुरुङ खनिरहेको छ। यस प्याकेजको सिभिलतर्फको निर्माण प्रगति ७० प्रतिशतभन्दा बढी छ भने समग्र प्रगति करिब ४७ प्रतिशत छ । तेस्रो चरणअन्तर्गत दमौलीबाट चितवनको भरतपुरसम्म दुई सय २० केभीको डबल सर्किट प्रसारण लाइन निर्माणको केइसी. इन्टरनेसनल लिमिटेड, भारतसँग विसं २०७५ पुस १० गते भएको खरिद सम्झौता विसं २०७५ फागुन १० मा कार्यान्वयनमा आएको थियो । ३४ दशमलव ७ किमी प्रसारण लाइनमा पर्ने ९४ वटा टावरमध्ये ६९ वटा टावरको जग हालिएको छ भने ३३ वटा टावर खडा गरिएको छ । यस प्याकेजको समग्र निर्माण प्रगति ६९ प्रतिशत रहेको छ ।

आयोजनाको सामाजिक विकास कार्यक्रमअन्तर्गत तनहुँ जिल्लामा विद्युतीकरण गर्नका लागि नेपाल विद्युत् प्राधिकरणको आयोजना व्यवस्थापन निर्देशनालयमार्फत तनहुँ ग्रामीण विद्युतीकरण तथा वितरण प्रणाली सुदृढीकरण परियोजना सम्पन्न भएको छ ।

यसअन्तर्गत स्थानीय रुपमा विद्युत् आपूर्तिका लागि घिरिङ गाउँपालिका-४ र बन्दीपुर गाउँपालिका-६ मा ३३/११ केभीका दुईवटा सबस्टेसन निर्माण गरी सञ्चालनमा ल्याइएको छ । उक्त सबस्टेसनसम्म विद्युत् पुऱ्याउनका लागि ३३ केभी लाइन निर्माण गरिएको छ । तनहुँ जिल्लाको विद्युत् आपूर्तिलाई पर्याप्त, भरपर्दो र गुणस्तरीय बनाउन विभिन्न ठाउँमा विभिन्न क्षमताका वितरण ट्रान्सफर्मरहरु जडान र ११ केभी लाइन निर्माण गरिएको छ । कम्पनीको पूँजी संरचना तथा वित्तीय व्यवस्थापन आयोजनाको कूल लागत (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको ब्याजसमेत) ५० करोड ५० लाख अमेरिकी डलरका लागि एडिबीले १५ करोड, जापान अन्तर राष्ट्रिय सहयोग नियोग (जाइका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैंकले आठ करोड ५० लाख र नेपाल सरकार/नेपाल विद्युत् प्राधिकरणले आठ करोड ६० लाख डलर व्यहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको छ ।

# व्यवस्थापन गरे मोहोर, नगरे फोहर

**तोलाकान्त बगाल**
स्याङ्जा, २० कार्तिक /रासस

देशका कतिपय पालिकाहरुलाई फोहरमैला व्यवस्थापन समस्याको विषय बन्ने गरेको छ। फोहरमैला व्यवस्थापन चुनौतीका रुपमा देखा परिरहेका छन्। फोहरमैलाको उचित व्यवस्थापन गर्न नसक्दा जनप्रतिनिधि, कर्मचारी तथा स्थानीयवासीको चिन्ताको विषय बन्ने गरेको छ। फोहोरमैला व्यवस्थापनका कारण कतिपय ठाउँमा विवादहरु उत्पन्न भएका छन्। बजारबाट उठाइएका फोहरहरुलाई कुनै ठाउँमा लगेर थुपार्ने मात्रै गर्दा त्यसले जनस्वास्थ्य र वातावरण असर पार्ने त्रासले फोहरमैला थुपार्ने ठाउँ वरपरका स्थानीय तथा बस्तीबाट विरोध आउने गरेका उदाहरणहरु प्रसस्तै सुन्न र देख्न पाइन्छन्।

फोहरलाई वर्गीकरण नगरी एकै ठाउँमा लगेर थुपार्दा समस्या निम्त्याउने गर्दछ भने आम्दानी पनि हुँदैन। व्यवस्थापन गर्न जाने मोहोर र नजाने फोहोर हुन्छ भन्ने प्रमाणित पछिल्लो समय विभिन्न पालिकाहरुले गर्दै आइरहेका छन्। फोहोरलाई प्रशोधन गरी मोहोर भित्र्याउँदै आएको एक सफल पालिका हो स्याङ्जाको भिरकोट नगरपालिका। विसं २०७३ मा स्थापना भएको भिरकोट नगरपालिका स्याङ्जा जिल्लाको मध्यभागमा सिद्धार्थ राजमार्गसँगै जोडिएको पालिका पनि हो।

धार्मिक, पौराणिक एवं ऐतिहासिक दृष्टिले महत्व बोकेको आँधीखोलाको किनारमा रहेको बयरघारी बजार भिरकोट नगरपालिकाको प्रमुख बजार हो। यही बजारमा नै पालिकाको प्रशासकीय भवन रहेको छ। फोहरमैला थुपारिएका कतिपय ठाउँ वरपर पुग्ने प्रायःजसोले नाक मुख थुन्ने गर्दछन्। अझ फोहरमैला व्यवस्थापन गर्ने ठाउँ वरपर बनभोज खान र घुम्ने भन्नासाथै छि...छि शब्द निस्किहाल्छ। फोहरैफोहरको पहाड बन्छ तर भीरकोट नगरपालिका एउटा त्यस्तो उदाहरणीय पालिका हो जहाँ फोहर व्यवस्थापन र नजिकै रहेको पार्कबाट राम्रो आम्दानी लिँदै आइरहेको छ। आँधीखोलाको किनारमा नगरपालिकाले खरिद गरेको र सार्वजनिक गरी झण्डै ६५ रोपनी जग्गामा भीरकोट सरसफाई केन्द्र तथा पार्क सञ्चालनमा रहेको छ। नगरपालिकाले पार्क र सरसफाइ केन्द्र एकै स्थानमा बनाएसँगै अहिले देशका विभिन्न ठाउँबाट अध्ययन अवलोकन तथा घुम्नका लागि आउने गरेका बताउनुहुन्छ भिरकोट सरसफाइ केन्द्र तथा पार्कका व्यवस्थापक कृष्णप्रसाद अर्याल। "फोहरमैला व्यवस्थापनका क्षेत्रमा समस्या भएका देशका विभिन्न पालिकाहरुबाट व्यवस्थापनका बारेमा अध्ययन अवलोकन गर्न यहाँ आउनुहुन्छ", उहाँले भन्नुभयो, "यहाँबाट फर्केपछि आफ्नो पालिकामा गएर फोहरमैला व्यवस्थापनको प्रक्रिया थालेको हामीले खबर पाएका छौँ।" सरसफाइ केन्द्रको अध्ययन अवलोकन गर्न आउनेहरुका लागि दुई हजार शुल्क लिने गरिएको छ। अन्यत्रबाट यहाँ अध्ययन अवलोकनका लागि आउनुभएका पाहुनाहरुलाई यसको व्यवस्थापकीय पक्षका बारेमा जानकारी दिने गरिएको छ। पार्कमा प्रवेश गर्न प्रतिव्यक्ति रु ५० शुल्क लिने गरेको छ। बनभोजका लागि चार हजार शुल्क लिई पकाउने भाँडाकुँडा तथा ग्यास उपलब्ध गराउँदै आएको व्यवस्थापक अर्यालले बताउनुभयो। नगरपालिकामार्फत नै सञ्चालनमा रहेको पार्कमा विशेष गरी विदाका दिनहरु, चाडबाडका दिनहरु, बिवाह तथा अन्य सभा समारोह तथा सांस्कृतिक कार्यक्रमहरुमा भीड हुने गर्दछ। सरसफाइ केन्द्रमा आधुनिक ट्रसहरु, वर्गीकरण गरिएका पुनःप्रयोग हुने फोहरको भण्डारण कक्ष रहेका छन्। यहाँ बजारबाट आएका नकुहिने फोहरहरु तथा सिसाजन्य फोहरहरुको वर्गीकरण गरी पुनःप्रयोगका लागि बिक्री गरिने व्यवस्थापक अर्यालले बताउनुभयो। पार्कलाई थप ब्यवस्थित बनाउने कामहरु भइरहेका छन्। पार्कमा दुबोको हरियाली, रङ्गीविरङ्गी फूलहरु, स्विमिङ पुल, विभिन्न प्रजातिका फलफूल तथा पार्कलाई शोभा दिने अन्य बिरुवाहरु, चमेना गृह, शौचालय, कार्यालय भवन, टिकट काउण्टर, प्रतिक्षालयहरु निर्माण गरिएको छ। चारैतिरबाट पर्खालले घेराबार गरिएकोछ।किनारैबाटश्रवणकुमारका अन्धाअन्धी बुबआमाको आँसुबाट उत्पत्ति भई बहेको आँधीखोला सुसाउँदै बहेको छ। यसले यहाँ आउने आन्तरिक तथा बाह्य पर्यटकहरुलाई लोभ्याउने गर्छ।

बजारबाट एकान्त, समथर अनि रमणीय स्थानमा रहेको पार्क पछिल्लो समय आकर्षणको केन्द्रकारुपमा स्थापित हुँदै गएको छ। अघिल्लो आर्थिक वर्षमा सरसफाई केन्द्र तथा पार्कको दश हजारभन्दा बढीले अवलोकन गरेको तथ्याङ्क कार्यालयमा रहेको व्यवस्थापक अर्यालको दाबी छ। शान्त र मनोरञ्जनका लागि भिरकोट नगरपालिकाले निर्माण गरेको पार्क उदाहरणीयहुँदैगएकोनगरपालिकाका योजना अधिकृत यामप्रसाद रेग्मीले बताउनुभयो। "सरसफाइ केन्द्र र पार्क एउटै ठाउँमा निर्माण गरी सञ्चालन गरिरहेका छौँ", उहाँले भन्नुभयो, "भौतिक संरचना निर्माणको चरणमा भएकाले सरसफाइ र पार्क अझै व्यवस्थित हुँदै जानेमा विश्वस्त छौँ।" सरसफाइ केन्द्र तथा पार्कमा जग्गा प्रशस्तै भएकाले थप पूर्वाधार निर्माण गर्नका लागि प्रक्रिया अगाडि बढिसकेकाले आगामी दिनमा अझै आकर्षकको केन्द्रका रुपमा स्थापित हुनेछ। जसका कारण आम्दानी पनि स्वतःवृद्धि भएर जाने छ। कुहिने, नकुहिने र सिसाजन्य फोहरमैलाको उचित ब्यवस्थापन गरी नगरपालिकाले आम्दानीको स्रोतका रुपमा विकास गर्दै आएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत धर्मराज ढुङ्गाना बताउनुहुन्छ। फोहरमैलाको उचित व्यवस्थापन विशेष गरी सहरी क्षेत्रका पालिकाहरुमा चुनौती भइरहँदा भिरकोटले फोहरलाई आम्दानीको स्रोतका रुपमा रुपान्तरण गरेको हो। "फोहोरलाई ब्यवस्थापन गर्न नजान्दा, वर्गीकरण नगरी एकै ठाउँमा सबै प्रकारका फोहोर डम्पिङ गर्दा समस्या हुने हो" उहाँले भन्नुभयो, "कस्तो खालको फोहोर हो, त्यसको वर्गीकरण गरी कुहिनेबाट कम्पोष्ट मल, नकुहिने र सिसाजन्य वस्तुहरुलाई पुनःप्रयोग गर्न सकिने भएकाले बिक्री गरी आम्दानी बाँध्दै आएका छौँ।" स्थानीयले घर घरमै कुहिने, नकुहिने र सिसाजन्य फोहोर वर्गीकरण गरेर राख्ने गरेका छन्। नगरपालिकाको एउटा ट्रिपरले आलोपालो कुहिने, नकुहिने र सिसाजन्य फोहोर उठाउँछ। बजारबाट सङ्कलन भएको फोहोरलाई सरसफाई केन्द्रमा लगेर पुनः वर्गीकरण गरी भण्डारण गर्ने र त्यहीँबाट बिक्री गरिन्छ।

सरसफाइ केन्द्र र पार्कमा गरी हाल १० जनाले प्रत्यक्ष रोजगारी पाएका छन्। नगरपालिकाले आर्थिक वर्ष २०७७/७८ मा फोहोर मैंला बिक्रीबाट रु. छ लाख ६ हजार ३५४, आर्थिक वर्ष २०७८/७९ मा रु. नौ लाख २४ हजार ७६२ र आर्थिक वर्ष २०७९/८० मा फोहरमैला बिक्रीबाट आम्दानी रु १४ लाख ८६ हजार दुई सय ६८ आम्दानी गरेको छ। नगरपालिकाले हालसम्म फोहरमैला बिक्रीबाट मात्रै रु. ३० लाख १७ हजार तीन सय ८४ आम्दानी गरेको छ। पार्कतर्फको प्रवेश शुल्कबाट रु एक लाख ६४ हजार नौ सय १० आम्दानी गरेको उहाँले बताउनुभयो। "छोटो अवधिमा भिरकोट नगरपालिकाले फोहोरमैला ब्यवस्थापनमा फड्को मारेको छ" उहाँले भन्नुभयो, "नगरपालिकाले सञ्चालन गरेको यो काम आफैंमा महत्वपूर्ण र देशमै उत्कृष्ट एवं नमुना भएको दाबी हाम्रो छ।" विसं २०७३ मा स्थापना भएको भिरकोट नगरपालिकाले आर्थिक वर्ष २०७४/७५ बाट नगरको फोहरमैला व्यवस्थापनका लागि सरसफाइ केन्द्र र पार्क निर्माण कार्य थालेको हो।

राष्ट्रिय योजना आयोगको सङ्घीय विशेष अनुदान रु तीन करोड र नगरपालिकाको रु एक करोड गरी रु चार करोड लगानी भएको नगर प्रमुख गोविन्दकुमार कर्माचार्यले बताउनुभयो। "सरसफाइ केन्द्रको व्यवस्थापन र पार्कलाई थप सौन्दर्यकरण गर्न अझै काम बाँकी छन्", उहाँले भन्नुभयो, "कुन ठाउँमा कस्तो संरचना निर्माण गर्दा अझै आकर्षक हुन्छ भनेर विज्ञको सहयोगमा योजना बनाइरहेका छौँ।" देशका विभिन्न ठाउँबाट हामीले गरेको कामको अवलोकन गर्न आउने गरेकाले थप ऊर्जा मिलेको दाबी उहाँको थियो। बजार वृद्धि हुँदै जाँदा भोलिका दिनमा फोहोरको मात्रा पनि बढ्दै जाने हुँदा अहिलेदेखि नै सोहीअनुसारको पूर्वाधार निर्माण गरी अगाडि बढिरहेको उहाँ बताउनुहुन्छ। सरसफाइ केन्द्र तथा पार्कस्थलमै आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्नका लागि थप पूर्वाधार निर्माणको चरणमा नगरपालिका छ। "सरसफाइ केन्द्र तथा पार्क परिसरमै पर्यटकीय ताल निर्माण गर्दैछौँ", उहाँले भन्नुभयो, "तालको बीचमा मन्दिर हुने र मन्दिरसम्म पुग्न तथा काललाई फन्को लगाउन डुङ्गा शयर गर्ने गरी तयारी थालिएको छ।" सोही ठाउँमा चार वटा सटरसहितको व्यापारिक भवन निर्माण गरी आम्दानीको स्रोतको रुपमा विकास गर्दै लैजाने योजनामा नगरपालिका छ। सघन सहरी विकास कार्यक्रमअन्तर्गत रु चार करोडको लगानीमा पूर्वाधार निर्माण हुन लागेको हो। पूर्वाधार निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन बनाउने क्रममा नगरपालिका रहेको उहाँले बताउनुभयो। नगरपालिकाले तालिम दिएसँगै अहिले टोलटोलमा कुहिने, नकुहिने तथा सिसाजन्य फोहरहरु छुट्टाछुट्टै भाँडामा सङ्कलन गर्दै आइएको भिरकोट-१ बयरघारी बजारमा रहेको राधाकृष्ण टोल विकास समितिका संयोजक ढाकाराम खनाल बताउनुहुन्छ। "टोलमा रहेका होटल, पसल तथा अन्य घरबाट निस्कने फोहरलाई घरमै वर्गीकरण गरेर राख्ने गर्नुहुन्छ", उहाँले भन्नुभयो, "घरमा छुट्टाछुट्टै भाँडामा राखिएको फोहरलाई नगरपालिकाको फोहोर सङ्कलन गर्ने गाडी आउँदा त्यसैमा राखिदिन्छौँ।" टोलटोलबाट सङ्कलन गरिएको फोहरलाई पालिकाले सरसफाई केन्द्रमा लगेर पुनः वर्गीकरण गरी पुनःप्रयोगका लागि बिक्री गरी आम्दानी लिँदै आएको उहाँले बताउनुभयो।

"सुरुका दिनमा चोकचोकमा कुहिने, नकुहिने डस्टबिनहरु राखिएको तर डस्टबिन राखेको ठाउँमा नरहने, फुटाइदिने जस्ता क्रियाकलाप भए", उहाँले भन्नुभयो, "पछि टोलको सक्रियतामा रकम सङ्कलन गरी घरघरमा कुहिने, नकुहिने फोहोर सङ्कलन गर्नकालागि डस्टविन खरिद गर्‍यौं, त्यसपछि सहज भएको छ।" कुहिने फोहरलाई डस्टबिनमा सङ्कलन गर्ने र नकुहिनेलाई केही घरले डस्टबिनमै सङ्कलन गर्दै आएका छन् भने केहीले कार्टुन तथा बोरामा सङ्कलन गरी गाडीमा राखिदिने गरेको उहाँले बताउनुभयो। नगरपालिकाले फोहरमैलाबापत घरधनीसँग मासिकरुपमा रकम पनि लिने गरेको छ। नगरपालिकाले आवासीय घरबाट रु एक सय, किराना, फलफूल तथा तरकारी पसल, होटलबाट रु एकसय ५०, सैलुनहरुबाट रु एक सय २५ रकम मासिकरुपमा उठाउँदै आएको छ।

# संगम सहकारीको शुभकामना कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, २० कार्तिक



संगम बचत तथा ऋण सहकारी संस्था, राम बजार पोखरा १५ ले संस्थाका वर्तमान र पूर्व समिति, उपसमिति साथै कर्मचारी समेतको उपस्थितिमा चाडपर्व बिशेष शुभकामना आदानप्रदान कार्यक्रम आयोजना गरेको छ।

सो अवसरमा सबैलाई शुभकामना दिदै अध्यक्ष नबराज तिवारीले अग्रजहरुको निरन्तर मेहेनत र इमान्दारिताले नै संस्था आजको यो सबल अवस्थामा आएको बताउदै अझै कारोबार वृद्धिमा सबैको साथ र सहयोगको अपेक्षा पनि गरे। संगम सहकारीका पुर्व लेखा समिति सदस्य समेत रहेका पोखरा १५ का वडा सदस्य एवं पोखरा महानगरीय लेखा समिति सदस्य बलराम पौडेलले संगम सहकारीबाट प्राप्त ज्ञान र अनुभवले गर्दा नै आज महानगरपालिका अन्तर्गतको समितिमा बसेर सेवा गर्ने अवसर पाएको बताए। साथै उनले पोखराका सहकारीलाई हेर्दा संगम सहकारी पोखराकै उत्कृष्ट पाँच भित्र पर्ने बताए।

संस्थाका संरक्षक निरज थापाले बढी ब्याजको आकर्षण देखाउने सहकारीबाट सचेत हुनुपर्ने बताए। पुर्व शिक्षा उपसमिति सदस्य एवं हावर्ड एकेडेमीका प्रिन्सिपल श्रीकृष्ण अधिकारीले नेफ्स्कुनको अभियान अन्तर्गत प्रोबेसनमा जाँदाका असन्तुष्टिहरु अहिले आएर सन्तुष्टिमा परिणत भएको बताए। यसो हुँदाहुँदै पनि बोनस वृद्धिमा भने अझै कोसिस गर्न नेतृत्वपङ्क्तीलाई अनुरोध गरे। पहिलो त्रैमासिक समिक्षा र तिहार बिशेष कार्यक्रमलाई समेत जोडि सम्पन्न गरिएको उक्त कार्यक्रममा कार्यालय प्रमुख बृहस्पति अधिकारीले संस्थागत प्रस्तुति राखेका थिए।

यसैगरी सहकारीको १६ औं वार्षिक साधारणसभाको बन्द सत्रमा उपस्थित मध्येबाट खोलिएको चिठ्ठामा प्रथम गोबिन्द बहादुर थापा, दोस्रो चकना श्रेष्ठ र तेस्रो सीता कुमारी भन्डारीलाई पुरस्कृत गरिएको उक्त कार्यक्रममा बुद्धिमान थापा, धनराज पुरी, बिनिता खड्काले पनि बोलेका थिए।

# सामूहिक सयपत्री फूलखेती फस्टाउँदै

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २० कार्तिक

स्याङ्जाको कालीगण्डकी गाउँपालिका-७ स्थित बारीचौरमा सयपत्री फूलको सामूहिक खेती फस्टाउँदै गएको छ। तीन वर्ष पहिले लालीगुराँस घरवास (होमस्टे)लाई फूलैफूलको होमस्टे बनाउने उद्देश्यले १५ स्थानीय मिलेर लगाएको सयपत्रीको फूलखेती चार रोपनी जमिनमा फैलिएको छ।

जिल्लामै 'नमूना व्यावसायिक फूलखेती' बनाउने योजनामा रहेका स्थानीयको फूलखेती कार्यक्रमलाई गाउँपालिकाले सहयोग गरेको छ। नमूना बारीचौर व्यावसायिक फूलखेतीका अध्यक्ष घनबहादुर थापाले तीन वर्ष पहिले दसैं तिहारको बीचमा पाँच हजार माला उत्पादन गरेर गाउँपालिकाको कृषि शाखालाई दिएको जानकारी दिनुभयो। उहाँले पहिलो वर्ष पालिका आफैँको पूर्ण लगानी भएकाले करिब रु डेढ लाख बराबरको ड्रम र पाइप आफूहरूलाई दिएको बताउनुभयो।

"यस वर्ष चार रोपनी जमिनमा तीन हजार पाँच सय बोट सयपत्री फूल लगाएका छौँ", अध्यक्ष थापाले भन्नुभयो, "यस वर्ष हावापानी राम्रो भएकाले फूलको उत्पादन लोभलाग्दो छ, लाग्छ फूल बिक्न सक्यो भने राम्रो आम्दानी हुन्छ।" उहाँले यस वर्षको फूलखेतीका लागि गाउँपालिकाले ५० प्रतिशत अनुदान दिएको र ५० प्रतिशत आफूहरूले जनश्रमदान गरेको बताउनुभयो। अध्यक्ष थापाले गत वर्ष पनि पालिकाले ५० प्रतिशत अनुदानमा फूलखेती गरिएको बताउनुभयो। "पोहोर साल हावापानी बिग्रियो, पानी धेरै पर्‍यो र फूल राम्रो उत्पादन नभएकाले रु दुई लाखको मात्र फूल बेच्न सफल भयौँ", उहाँले भन्नुभयो, "यस वर्ष पहिलो वर्षजस्तै खेती राम्रो छ, करिब रु चार लाख आम्दानी हुन्छ कि भन्ने अपेक्षा छ। उहाँले सयपत्री फूलखेतीलाई दिगो बनाउन सिँचाइको समस्या बाधक भएको बताउनुभयो। उहाँले गाउँपालिकाबाट प्राविधिक सहयोग उपलब्ध भए पनि सिँचाइको अभावमा व्यवसायलाई दिगो बनाउन सकिन्न कि भन्ने चिन्ता लागेको उल्लेख गर्नुभयो। उहाँले गाउँपालिकाले अनुदानलगायतका प्राविधिक सहयोगलाई यथावत राखे व्यवसाय विस्तार गर्ने सोचमा आफूहरू रहेको उल्लेख गर्नुभयो।

गाउँपालिकाका कृषि शाखा प्रमुख अनुप पौडेलले भने गाउँपालिकाको पूर्ण लगानी भएकाले बारीचौरमा उत्पादित माला बिक्री गरेर भएको आम्दानी पालिकाको राजस्व शाखामा जम्मा गरेको दाबी गर्नुभयो। उहाँले चार रोपनी जग्गा पालिका आफैँले प्रतिरोपनी रु चार हजार पाँच सय का दरले भाडामा लिएर फूलखेती गरेको जनाउँदै श्रममा खटिने सबैलाई पालिकाले नै पारिश्रमिक भुक्तानी गरेको बताउनुभयो। उहाँले कालीगण्डकी फूलैफूलको पालिका बनाउने योजनाअनुरुप पालिकाभित्रका सात वडाका १६ कृषक तथा समूहलाई ५० प्रतिशत अनुदान उपलब्ध गराएको जानकारी दिनुभयो। "फूलखेती र ड्रागन खेतीका लागि रु १० लाख बजेट विनियोजन गरेका थियौँ", उहाँले भन्नुभयो, "फूलखेती गर्न चाहेका ३२ कृषकको निवेदन माथि उत्कृष्ट जमिन छनोट गरेर १६ समूह तथा कृषकलाई प्रतिरोपनी अनुमानित लागतको ५० प्रतिशत अनुदानअन्तर्गत रु नौ हजार उपलब्ध गराएका छौँ।" उहाँका अनुसार पालिकाभित्र अनुदान लिएर गरेका फूलखेतीमध्ये धरादीका हीरामणि सुवेदी, लसर्गाविशीकी पुष्पासिंह राना, बाँसटारीका रविलाल गौडेल, लालप्रसाद न्यौपाने, इम्सिलका काशीराम न्यौपाने र बारीचौरका घनबहादुरको समूहले गरेको फूलखेती उत्कृष्ट रहेको बताउनुभयो। उहाँले फूलखेती गर्ने हरेक कृषकलाई निःशुल्क परामर्श र प्राविधिक सहयोग गरेको बताउनुभयो। कृषि शाखाले जुनसुकै मौसममा पनि फुल्ने क्रर्मा जातको हाइब्रिड सयपत्री फूलखेती गर्न कृषकलाई सिफारिस गरेको छ। उहाँले सयपत्री फूल कृषकले बिक्री गर्न नसके बजारीकरणका लागि पालिकाले सहयोग गर्ने बताउनुभयो। शाखा प्रमुख पौडेलले अघिल्ला दुई वर्ष पाँच प्रदेशका केही ठूला पुष्प व्यापारीको समन्वनमा पालिकाभित्र उत्पादन भएका सयपत्री फूल बिक्री गरेको बताउनुभयो।

कालीगण्डकी पाँच बाँसटारीमा सयपत्री फूलखेती गर्नुभएका रविलाल गौडेलले दुई रोपनी क्षेत्रफलमा लगाइएको तिहार लक्षित सयपत्री फूल हुर्कँदै गएको बताउनुभयो। उहाँले सयपत्री फूलबाटै आत्मनिर्भर बन्ने आफ्नो योजनालाई गाउँपालिकाले सहयोग गरेको दाबी गर्नुभयो।

# भूकम्प पीडितलाई देवघाटको पाँच लाख

**पोखरापत्र संवाददाता**
दमौली, २० कार्तिक

जाजरकोट भूकम्पपीडितलाई तनहुँको देवघाट गाउँपालिकाले रु पाँच लाख सहयोग गर्ने भएको छ।

गाउँपालिका विपद् व्यवस्थापन समितिको आजको बैठकले भूकम्प पीडितलाई रु पाँच लाख सहयोग गर्ने निर्णय गरेको हो।

विपद् व्यवस्थापन कोषबाट भूकम्पपीडितको सहयोग र राहतका लागि उक्त रकम उपलब्ध गराउने निर्णय भएको गाउँपालिकाका अध्यक्ष तिलबहादुर थापाले जानकारी दिनुभयो। गाउँपालिकाले भूकम्पपीडितका लागि थप सहयोग गर्न वडा नं २ का अध्यक्ष मीनबहादुर रानाको संयोजकत्वमा राहत सङ्कलन समितिसमेत गठन गरेको छ। गाउँपालिकाका अध्यक्ष थापाले भन्नुभयो, "सहयोग गर्न इच्छुकलाई सहयोगका लागि आह्वान गरेका छौँ। सबै वडाबाट स्वतस्फूर्त रूपमा सहयोग सङ्कलन गरिनेछ।"

# प्रधानाध्यापकद्वारा विद्यालयमै झुण्डिएर आत्महत्या

**रासस**
सिरहा, २० कार्तिक

गोलबजार नगरपालिका-३ जमदहस्थित सरस्वती प्राथमिक विद्यालयका प्रधानाध्यापक सञ्जीवकुमार साह विद्यालयमै झुण्डिएको अवस्थामा मृत फेला परेका छन्।

विद्यालयको निमार्णधीन तेस्रो तल्लाको सभाहलमा झुण्डिएको अवस्थामा आइतबार साह भेटिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता तथा प्रहरी नायव उपरीक्षक रवीन्द्रराज पाण्डेले जानकारी दिनुभयो। मिर्चैया नगरपालिका-६ निवासी प्रधानाध्यापक साहको मोटरसाइकल विद्यालयमै भेटिए पनि उहाँ नभेटिएपछि लामो समयसम्म खोजी भएको थियो।

खेजीको क्रममा शिक्षक साह विद्यालयमै झुण्डिएको अवस्थामा भेटिएपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए। बिहानै विद्यालय पुगेका शिक्षक साह किन झुण्डिएको भन्ने विषयमा अहिलेसम्म केही खुल्न नसकेको प्रहरीले जनाएको छ।


**श्री सैनिक आवासीय महाविद्यालय, पोखराको विद्युतीय सिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

**सूचना नं.: NAWF/SAMV/NC/PKR/2080/81/42**

**(दोस्रो पटक प्रकाशित मिति: २०८०/०७/२१ गते )**

आ.ब. ०८०/८१ मा सैनिक आवासीय महाविद्यालय, पोखरामा विभिन्न निर्माण/मर्मत कार्य गर्नको लागि e–GP System को माध्यमबाट दरभाउपत्र आव्हान गरिएको हुँदा ईजाजत प्राप्त ईच्छुक दरभाउपत्रदाताहरुले विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमनको कार्यालयको वेवसाईट www.bolpatra.gov.np/egp हेर्नुहुन यो दोस्रो पटकको लागि यो सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि यस कार्यालयको **फोन नं.०६१–५७७७४५** मा सम्पर्क गरी बुझ्न सक्नुहुनेछ।